# चौंरीदेउराली गाउँपालिका
# Chaunrideurali Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- ०८०/०८१
चलानी नं.:-

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित २०८०/०५/०४ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौरीदेउराली गाउँपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागी ३० दिने सूचना प्रकाशित गरिएको छ ।

| सि नं | वोलपत्र नं | वोलपत्रको नाम (संकलन क्षेत्र) | उत्खनन् परिमाण(घ.मि) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.क बाहेक) | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|
| १ | CDRM/IR/01/080/81 | खहरेबेसी बगर, चौरी देउराली गाउँपालिका वडा नं.८ | १२८२०.०५ | ४०७५२३७.८८ | रू.३०००/- |
| २ | CDRM/IR/02/080/81 | टिमरिनि(मैसाद) बगर चौरी देउराली गाउँपालिका वडा नं.८ | २१२७.८४ | ६७६३९७.७७ | |
| ३ | CDRM/IR/03/080/81 | भिम पाइलो बगर, चौरी देउराली गाउँपालिका वडा नं.८ | २८०८ | ८९२६०७.०४ | |
| ४ | CDRM/IR/04/080/81 | दोभानटार बगर(।) चौरी देउराली गाउँपालिका वडा नं.७ | ९८४ | ३१२७९३.९२ | |

**बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय : २०८०/०६/०४,दिनको १२:०० बजे**

**बोलपत्र खोलिने मिति,समय र स्थान : २०८०/०६/०४ ,दिउँसो १:०० बजे, गा.पा. कार्यालय,ढाँडखर्क,काभ्रे**

### शर्त तथा बन्देजः

१.फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/७९ को कर चुक्ता प्रमाणपत्रकों प्रमाणित प्रतिलिपि र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कुमारी बैंक शाखा कार्यालय चौरीदेउरालीमा रहेको यस कार्यालयको ग.१.१ आन्तरिक राजस्व खाता नं. २६६०२४७९४८७००००९ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म तोकिए अनुसार अन्लाईन वोलपत्रका लागि बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको ***www.bolpatra.gov.np*** बाट बोलपत्र सम्बन्धी कागतजात हरु अपलोड तथा डाउनलोड गर्न सकिने ब्यवस्था रहेको छ र हार्डकपी बोलपत्र फाराम ३० औं दिनको ४ बजेभित्र खरिद गरी ३१ औं दिनको १२ बजेसम्म शिलबन्दी बोलपत्र दर्ता गरी सक्नुपर्नेछ र रित पुऱ्याई प्राप्त हुन आएका बोलपत्र ३१ औं दिनको १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र गाउँपालिकाको

# चौंरीदेउराली गाउँपालिका
# Chaunrideurali Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ्, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- ०८०/०८१
चलानी नं.:-

प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२.बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबोल गरेको अंकको ५%(मु.अ.कर सहितको रकमको ५%) ले हुन आउने धरौटी रकम यस कार्यालयको ग.३ स्थानीय धरौटी खातामा रहेको धरौटी खाता न. २६६०२४७९४८७००००४ मा जम्मा गरी सोको सकल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकहरु मध्ये कार्यालयको नाममा जारी गरी यस सूचना प्रकाशित भएको मितिबाट कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत (विड बण्ड )पेश गर्नु पर्नेछ ।
३.खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दीगरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।
४.एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अबगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६.बोलपत्र नेपाल सरकारको प्रचलित कानून ढुंगा, गिट्टी र बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र सो ऐनको अधिनमा रही बनेको कार्यविधि तथा स्वीकृत (IEE) प्रतिवेदनको परिपालन गर्नुपर्नेछ ।
७.यो ठेक्काको अवधि सम्झौता मितिदेखि लागू भई २०८१ जेठ मसान्तसम्म हुने।
८.कुल कबोल अंकलाई ३ किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कुल कवोल अंकको ४०% हुन आउने रकम सम्झौता हुन अगावै बुझाउनुपर्नेछ (कुमारी बैंक शाखा कार्यालय चौंरीदेउरालीमा रहेको यस कार्यालयको ग.६.१ स्थानीय तह विभाज्य कोष खाता नं. २६६०२४७९४८७०००२० मा नगद जम्मा गरेको सकल नगद भौचर तथा ४०% रकम फागुन मसान्त भित्र र बाँकी रकम जेठ १५ गतेभित्र बुझाउनु पर्नेछ। सम्झौता हुँदा बाँकी रकमको (भनेको बुझाउन बाँकी ६० प्रतिशत रकम लागि क वर्गको वाणिज्य बैंक वित्तिय संस्थाबाट यस कार्यालयको नाममा २०८१ मंसिर मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) अनिवार्य पेश गर्नुपर्नेछ ।
९.यस सूचनामा उल्लेखित शर्तहरूका अतिरिक्त सम्झौता पत्रमा उल्लेख भए अनुसारको सर्त र उल्लेख गर्न छुटेका अन्य विषयवस्तुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
१०.यस गाउँपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. प्रचलित कानुन अनुसार ठेक्का बापत लाग्ने सम्पुर्ण कर दस्तुर ठेकेदार स्वयमले व्यहोर्नुपर्नेछ।
१२. ठेक्का स्वीकृत भई सम्झौता भईसकेपछि मानव सृजित बन्द, हडताल, चक्का जाम जस्ता अवस्थाले कुनै किसिमको माफी मिन्हादिइनेछैन ।
१३. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ।

***थप विस्तृत जानकारीका लागी यस गाउँपालिकाको वेवसाइट http://chaunrideuralimun.gov.np तथा सम्पर्क नं.9851243091***

प्रमुख प्रशासकीय अधिकृत